नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
मकवानपुर

फोन नं. :- ०५७-५२०४९५
फ्याक्स नं. :- ०५७-५२३८२२
ईमेल :-daomakawanpur@moha.gov.np
फेसबुक पेज :-www.facebook.com/daomakawanpur
वेबसाइट :-http://daomakawanpur.moha.gov.np/

पत्र संख्या:- ०७८/७९ मिति:- २०७९/०१/२६
चलानी नम्बर:-

## सवारी साधन सञ्चालन एवम् मदिराजन्य पदार्थको विक्री वितरण सम्बन्धमा सूचना

सम्वत् २०७९ बैशाख ३० गते हुन गइरहेको स्थानीय तह निर्वाचन स्वच्छ, स्वतन्त्र, निष्पक्ष, शान्तिपूर्ण एवं भयरहित वातावरणमा सम्पन्न गर्ने सन्दर्भमा देहायबमोजिम गर्नु, गराउनु हुन सम्बद्ध सबै पक्षमा निर्णयानुसार अनुरोध गरिन्छ ।

देहाय:-

१. मतदानको दिन सम्वत् २०७९ बैशाख ३० गते विहान ५:०० बजेदेखि साँझ ६:०० बजेसम्म तोकिएका अत्यावश्यक सेवा र अनुमति प्राप्त सवारीसाधन बाहेक सम्पूर्ण निजी तथा सार्वजनिक यातायातका साधनहरू सञ्चालन नगर्ने, नगराउने ।

२. सम्वत् २०७९ बैशाख २७ गते राती १२:०० बजेदेखि सम्वत् २०७९ बैशाख ३० गते राती १२:०० बजेसम्म जिल्लाभर मदिराजन्य पदार्थको विक्री वितरण तथा सेवन पूर्णरूपमा बन्द गर्ने, गराउने ।

३. मतगणना हुने मतगणनास्थलको ५०० मिटरको आसपासको क्षेत्रमा मतगणनाको कार्य सम्पन्न नहुँदासम्मको लागि मदिराजन्य पदार्थको विक्री वितरण तथा सेवन पूर्णरूपमा बन्द गर्ने, गराउने।

यस सूचना विपरितका कार्य, प्रचलित कानून तथा निर्वाचन आचारसंहिता विपरितका कार्य एवं निर्वाचन विरोधी कुनै किसिमका गतिविधि भएको पाइएमा प्रचलित कानून बमोजिम कारबाही गरिने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

२०७९/०१/२६
बद्रीनाथ गैह्रे
सहायक प्रमुख जिल्ला अधिकारी